# वार्षिक पुस्तिका

## आ.व. २०८१/०८२



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

**प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र, हेटौंडा**

सम्पर्क नं. ०५७-५२०५६७, ०५७-५२०१७९
**E-mail:** fdchetauda@gmail.com
**Website:** www.nwfpchetauda.gov.np

# दुई शब्द

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र, हेटौडाले स्रोत केन्द्रको रुपमा विगत् लामो समय देखि प्रभावकारी भूमिका खेल्दै आएको तथ्य सर्वविदितै छ। प्राकृतिक जलाशय मत्स्य सम्बन्धि कार्यका लागी राष्ट्रिय स्तरमा फोकल आफिसको रुपमा रहेका यस केन्द्रले प्राकृतिक जल(ाशयमा जलीय जैविक विविधता कायम राख्नको लागि अध्ययन, अनुसन्धान, संरक्षण, प्रबर्द्धन तथा समुचित व्यवस्थापन गर्न मुख्य जिम्मेवारीको रुपमा रही कार्य गर्दै आइरहेको छ ।हाल यस केन्द्रले प्राकृतिक जलाशयमा आश्रित जनसमुदायहरुको सामाजिक, आर्थिक स्तरोन्नति र जीविकोपार्जनसंग सम्बन्धित विभिन्न किसिमको कार्यक्रम लगायत कृषकहरुको चाहना बमोजिम विभिन्न जातका गुणस्तरिय माछाका भुराहरु उत्पादन गरि वितरण गर्नुको साथै देशै भरीका जिल्लाहरुमा संचालित मत्स्य पालन कार्यक्रम, खोला-नाला, ताल-तलैया, घोल, सिमसार क्षेत्र आदिमा संचालन हुने मत्स्य सम्बन्धी  कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रही आवश्यक प्राविधिक तथा प्रयोगशाला सेवा सम्बन्धी सहयोग गर्ने कार्य गरिरहेको अवगत गराउन चाहान्छु ।

आर्थिक वर्ष २०८१।०८२ मा संचालन गरिएका विभिन्न कार्यक्रमहरुको प्रगति र जानकारी मुलक बिषयहरु समावेश गरी यो पुस्तिका प्रकाशन गरिएको छ।यो पुस्तिका मत्स्य व्यवसायीहरु, प्राविधिक कर्मचारीहरु र योजना विज्ञहरुलाई उपयोगी हुनेछ साथै यस पुस्तिका मार्फत आगामी योजना तर्जुमा र कार्यन्वयनका लागि समेत मार्गनिर्देश गर्नेछ भन्ने आशा राखेको छु।यस पुस्तिका प्रकाशनमा केही त्रुटीहरु हुन सक्छन् त्यस्ता त्रुटीहरुलाई समय मै पहिचान गरी रचनात्मक तथा व्यवहारीक सुझावहरु दिन पनि अनुरोध गर्दछु ।

अन्त्यमा वार्षिक प्रगति पुस्तिका प्रकाशन गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने निकाय, संघसंस्थाहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई हृदय देखि नै धन्यवाद दिन चाहान्छु ।

पुष, २०८१

...............................

श्री सरोज कुमार यादव

केन्द्र प्रमुख

# विषय सुची


| | |
|---|---|
| १. केन्द्रको ऐतिहासिक पृष्ठभूमी: | १ |
| २. केन्द्रको परिचय: | २ |
| २.१ स्थापना, ठेगाना, क्षेत्रफल: | २ |
| २.२ उदेश्य: | २ |
| २.३ केन्द्रको जिम्मेवारी: | २ |
| २.४ संगठनात्मक संरचना | ३ |
| २.१ शाखागत कार्य: | ४ |
| २.१.१ दरवन्दी/हाल कार्यरत कर्मचारीको विवरण: | ४ |
| २.५ शाखागत कार्य विवरण: | ५ |
| २.५.१ प्राकृतिक जलाशय मत्स्य व्यवस्थापन शाखा | ५ |
| २.५.२ योजना, अनुगमन तथा प्राविधिक विस्तार शाखा | ६ |
| २.५.३ प्रशासन फाँट | ६ |
| २.६ भौतिक संरचना/उपकरण/पुर्वाधार/सवारी साधनहरुको विवरण: | ७ |
| ३.कार्यक्रम तथा क्रियाकलापहरु | ११ |
| ३.१ आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन | ११ |
| ३.१.१ आ.व.२०८१।०८२ को स्वीकृत कार्यक्रम वमोजिम संक्षिप्त प्रगति प्रतिवेदन | १५ |
| ३.१.१.१ पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | १५ |
| ३.१.१.२ चालु खर्च अन्तरगतका कार्यक्रमहरु | १५ |
| ३.२ आ.ब. २०८१/८२ को मुख्य मुख्य प्रगति/उपलब्धी विवरण: | ३० |
| ३.२.१. प्रयोगशाला सेवा सञ्चालन | ३० |
| ३.४ राजस्व विवरण विगत् ५ वर्ष आ.व.को | ३१ |
| राजस्व विवरण: चालु तथा अन्य कार्यक्रम तर्फ (५बर्षको राजस्व बिवरण) | ३१ |
| राजस्व विवरण: दोहोरो मार्ग व्यवस्थापन प्रणाली कार्यक्रम तर्फ (५वर्षको राजस्व विवरण) | ३१ |

३.५ बेरुजु तथा फछ्र्यौट विवरण ३१
३.६ मुख्य मुख्य उपलब्धीहरु ३२
३.७ लिलामको विवरण ३३
४. मत्स्य प्रजनन्/ मत्स्य बीज उत्पादन ३३
४.१ माउ माछाको बिवरण (जात अनुसार) ३३
४.१.१ विभिन्न जातको तथा सहरको (ागतगचभ दचययम) माउ माछाको विसवरण ३४
४.२ केन्द्रमा ५ बर्ष सम्म वार्षिक ह्याचलिङ्ग बिक्रि वितरण गरिएको विवरण (संख्या हजारमा)३४
४.३ केन्द्रमा ५ बर्ष सम्म वार्षिक फ्राई बिक्रि वितरण गरिएको विवरण (संख्या हजारमा) ३५
४.४ केन्द्रमा ५ बर्ष सम्मको फिङ्गरलिङ्गको बिक्रि वितरण गरिएको विवरण (संख्या हजारमा) ३५
४.५ केन्द्रमा विगत् ५ वर्ष देखि एड्भान्स फिङ्गरलिङ्गको बिक्रि वितरण गरिएको विवरण (संख्या हजारमा) ३६
४.६ केन्द्रमा ५ वर्ष सम्मको खाने माछा बिक्रि वितरणको विवरण ३६
५. केन्द्रको पोखरीहरुको विवरणः ३७
६. शुशासनका प्रयासहरुः ३९
६.१ नागरिक वडापत्र/क्षतिपुर्ति सहितको बडापत्र ३९
६.२ मूल्यसूचीः (केन्द्रसँग सम्बन्धित गैरकर राजश्व सबै) ४२
६.३ यस कार्यालयबाट सेवा प्राप्त गर्ने सेवाग्राहीहरुको विवरण ४३
कार्यक्रम संचालनका मुख्य मुख्य झलकहरुः ४४

## १. केन्द्रको ऐतिहासिक पृष्ठभूमीः

काठमाडौं तथा स्थानीय (हेटौंडा) बजारको लागि खाने माछा उत्पादन गरी आपूर्ति गने उद्देश्यले हेटौंडा व्यवसायीक मत्स्य केन्द्रको नामले २०२४ सालमा स्थापना गरिएको हो । पछि मानिसहरुको स्वास्थ्यप्रति सचेतना बढ्दै जादाँ र केन्द्रबाट प्रविधि विस्तारमा विशेष प्राथमिकता दिँ( दा खाने माछाको माग हरेक क्षेत्रहरु (पहाड, तराई लगायत) मा बड्दै जान थाल्यो साथै अर्को तर्फ अरु वालीको तुलनामा बढी फाइदा हुने भएकोले बढी संख्यामा कृषकहरुको पनि माछा उत्पादन कार्यमा रुची बढ्दै गएकोले तथा तराई क्षेत्रमा माछा पालन क्षेत्र दिनानुदिन बिस्तार हुँदै गएकोले भुरा माछाको आपूर्तिमा ठूलो चुनौति देखा पर्न थाल्यो तसर्थ गुणस्तरीय भुरा माछा उत्पादन तथा बिक्री वितरण कार्य गर्ने उद्देश्यले २०४९ सालमा व्यवसायीक मत्स्य केन्द्रलाई पुनः मत्स्य विकास केन्द्र नामाकरण गरियो । देशको राजनीतिक परिवर्तनसंगै २०७५ सालमा आएर संघीय संरचना अनुसार यस केन्द्रको नामाकरण परिवर्तन भई प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र, हेटौडा हुन गएको हो । यो केन्द्र ४७.०९ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यस केन्द्रको हावापानी समशितोष्ण र अधिकतम् तापक्रम ३२-३६ डिग्री सेल्सियस र न्यूनतम् तापक्रम १४-१५ डिग्री सेल्सियस रहने गर्दछ । यो केन्द्र समुद्रि सतह बाट १४३५ फिट उचाईमा रहेको छ ।

यस केन्द्रको प्रारम्भिक निर्माणमा राष्ट्र संघीय विकास कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमबाट सहयोग उपलब्ध भएको थियो।आ.व. २०३७।३८ देखि केन्द्रको गतिविधिलाई अघि बढाउन एसियाली विकास बैंकको ऋण सहयोग एवं राष्ट्र संघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा तत्कालिन श्री ५ को सरकारले मत्स्य विकास आयोजनाको प्रथम चरणमा समावेश गरेको थियो । यसै गरी पुनः आ.व. २०४४।४५ मा यस केन्द्रको कार्य क्षमतालाई बढी व्यापक एवं प्रभावकारी बनाउन मत्स्य विकास आयोजनाको दोस्रो चरणमा समेत यस केन्द्रलाई समावेश गरेको थियो ।

यस केन्द्रमा मत्स्य प्रजनन् तथा हाँस प्रजनन् को सुरुवात निम्न उल्लेखित समयमा भएको थियो:

**मत्स्य प्रजनन् कार्यको सुरुवातः**

- ❑ कमन कार्पः २०२७।२८ साल
- ❑ चाइनिज मेजर कार्पः २०२९।३० साल
- ❑ इण्डियन मेजर कार्पः २०३१।३२ साल

**हाँस प्रजनन् कार्यको सुरुवातः**

- ❑ पेकिङ्गः २०२६ साल
- ❑ हङकङः २०३२ साल
- ❑ खाकीः २०३६ साल
- ❑ मस्कोभीः २०५३ साल

हाँस प्रजनन् तथा हाँसको चल्ला बिक्री वितरण कार्य आ.व. २०६०।६१ सम्म भएको थियो र उक्त समयमा देखिएको बर्डफ्लुको कारणले हाँस सम्बन्धि कार्यक्रम लाई भएको असरबाट उक्त कार्यक्रम बन्द हुन पुगेको थियो । यस केन्द्रले न्यानो पानीमा फस्टाउने, सरकारी स्तरबाट सिफारिस गरिएका विभिन्न स्वदेशी माछाहरु रहु, नैनी र भाकुर तथा विदेशी माछाहरु कमन कार्प, सिल्भर कार्प, विगहेड कार्प र ग्रास कार्प गरि जम्मा ७ जातका माछाको गुणस्तरीय माछा भुरा उत्पादन गरी विभिन्न जिल्लाका मत्स्यपालक कृषकहरुलाई उपलब्ध गराउनुको साथै आवश्यक प्राविधिक

ज्ञान सीप समेत प्रदान गरी सेवा टेवा पुयाउँदै आईरहेको छ ।

नेपाल सरकारको नीति अनुरुप केन्द्रको विद्यमान भौतिक सुविधाको समुचित उपयोग गरी केन्द्रलाई व्यवसायमूलक बनाउन, यस केन्द्रको प्रभाव क्षेत्रभित्र पर्ने जिल्लाका मत्स्य पालक कृषकहरुलाई उन्नत प्रविधि अनुकरणको लागी उत्साहित गर्न र केन्द्रमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गरी कार्यमा लगनशील बनाउने उद्देश्यले आ.व २०६१।०६२ देखि यस केन्द्रमा दोहोरो मार्ग व्यवस्थापन प्रणाली कार्यक्रम संचालन भइरहेको छ । संघ मातहत रहने निकायहरुको संगठन संरचनामा रहने गरी २०७५ जेठ १७ गते देखि तत्कालिन “मत्स्य विकास केन्द्र” बाट हाल “प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र” मा रुपान्तरण भएर सञ्चालनमा रहेको छ ।

## २. केन्द्रको परिचयः

### २.१ स्थापना, ठेगाना, क्षेत्रफलः

यस केन्द्र तत्कालीन समयमा व्यवसायीक मत्स्य केन्द्रको नामले २०२४ सालमा स्थापना गरिएको हो । यस केन्द्र बागमती प्रदेशको मकवानपुर जिल्ला स्थित हेटौंडा उपमहानगरपालिका वाड नं. ५ पिप्लेमा अवस्थित छ । यस केन्द्र ४७.०९ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

### २.२ उदेश्यः

- ❑ प्राकृतिक जलाशय अन्तर्गत रहेका मत्स्य तथा जलिय जीव तथा वनस्पतिहरुको संरक्षण एवं प्रवर्द्धन सम्वन्धी कार्य गर्ने ।
- ❑ प्राकृतिक जलाशयहरुको तथ्याङ्क अध्यावधिक गर्ने ।
- ❑ प्राकृतिक जलाशयहरुमा आश्रित समुदाय तथा विभिन्न प्रजातिका माछाको तथ्याङ्क अध्यावधिक गर्ने ।
- ❑ प्राकृतिक जलाशय मत्स्य सम्वन्धी कार्यका लागी राष्ट्रिय स्तरमा फोकल अफिसका रुपमा काम गर्ने ।
- ❑ मत्स्यपालन तथा प्राकृतिक जलाशय मत्स्य संरक्षण एवं प्रवर्द्धन कृयाकलापमा संलग्न समुदायको क्षमता अभिवृद्धि गर्ने ।
- ❑ कार्प माछाको गुणस्तरीय वीज उत्पादन तथा विक्रिवितरण गर्ने ।
- ❑ दोहोरोमार्ग व्यवस्थापन प्रणाली संचालन गरी फार्मको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्ने ।
- ❑ मत्स्य तथा जलिय जीव तथा वनस्पतिहरुको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

### २.३ केन्द्रको जिम्मेवारीः

१. प्राकृतिक जलाशय(नदी, घोल, ताल एवं सिम, रिजर्भ्वायर) र त्यसमा रहेका माछा लगायत जलीय जीवहरुको सूची (Inventory) तयार एवं अद्यावधिक गर्ने ।

२. प्राकृतिक जलाशयहरु (घोल, ताल एवं सिम, रिजर्भ्वायर तथा अन्तरप्रदेशीय नदी प्रणाली) मा संभाव्यता अध्ययन सर्वेक्षण गरी उपयुक्त मत्स्यपालन तथा मत्स्य पर्यटन कार्यक्रम निर्धारण एवं कार्यान्वयन गर्ने ।

३. प्राकृतिक जलाशयहरुबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिक र आर्थिक पक्षको अध्ययन गरी उपयुक्त कार्यक्रम निर्धारण एवं कार्यान्वयन गर्ने ।

४. प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्न संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

५. प्राकृतिक जलाशयमा उपयुक्त हुने माछा तथा संभाव्य अन्य जलीय जीवका जात/प्रजातिहरुको खोज, विकास र प्रवर्द्धन गर्ने ।

६. स्थानीय माछा लगायतका जलीय जीवहरुको संरक्षण एवं संवर्द्धन सम्वन्धि कार्य गर्ने ।

७. प्राकृतिक जलाशय, जलीय जीव र सोमा आश्रीत समुदायसंग सम्वन्धित सरोकारवाला निकाय र संघ संस्थाबीच समन्वय सम्वन्धी कार्य गर्ने ।

८. मत्स्य रोग, मत्स्य दाना र पानीको गुणस्तर सम्वन्धी प्रयोगशाला सेवा संचालन गर्ने ।

९. मत्स्य वीज उत्पादन, वितरण र मत्स्य सम्वन्धी प्राविधिक सेवा प्रवाह गर्ने ।

## २.४. संगठनात्मक संरचना




## २.१ शाखागत कार्यः

### २.१.१ दरवन्दी/हाल कार्यरत कर्मचारीको विवरणः

| क्र.स. | पद | दरवन्दी विवरण | हाल कार्यरत विवरण | रिक्त दरवन्दी विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | व.म.वि.अ. | १ | १ | - | |
| २ | म.वि.अ. | २ | २ | - | १ जना काजमा |
| ३ | प्रा.स. | ५ | २ | ३ | |
| ४ | स.लेखापाल | १ | - | १ | |
| ५ | खरीदार | १ | १ | - | |
| ६ | ह.स.चा. | १ | १ | - | |
| ७ | का.स. | ५ | ५ | - | करारमा राखिएको |
| जम्मा | १६ | १३ | ३ | | |

| क्र.सं. | कर्मचारीको नाम थर | पद | सेवा/समूह /श्रेणी | कार्यरत कार्यालय | स्थायी ठेगाना | मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सरोज कुमार यादव | ब.म.वि.अ. | नेपाल कृषि/ मत्स्य/फिसरिज | प्रा.ज.म.प्र.सं.के हेटौंडा | सप्तरी | ९८५५०७०३१५ | |
| २. | बलराम आचार्य | म.वि.अ. | नेपाल कृषि/ मत्स्य/फिसरिज | प्रा.ज.म.प्र.सं.के हेटौंडा | ललितपुर | ९८४३५०४७४८ | |
| ३. | अवधेस कुमार सिंह | प्रा.स. | नेपाल कृषि/ मत्स्य/फिसरिज | प्रा.ज.म.प्र.सं.के हेटौंडा | सप्तरी | ९८४५०२९८१४ | |
| ४. | घनी कुमारी घर्ती | प्रा.स. | नेपाल कृषि/ मत्स्य/फिसरिज | प्रा.ज.म.प्र.सं.के हेटौंडा | रोल्पा | ९८६१६८५२९३ | |
| ५. | अनुषा न्यौपाने | खरिदार | प्रशासन/सामान्य प्रशासन | प्रा.ज.म.प्र.सं.के हेटौंडा | मकवानपुर | ९८६६१२०९५७ | |
| ६. | विष्णु बहादुर घिसिङ्ग | ह.स.चा. | प्रशासन/सामान्य प्रशासन | प्रा.ज.म.प्र.सं.के हेटौंडा | मकवानपुर | ९८४५१०७२३४ | |

## २.५ शाखागत कार्य विवरण:

### २.५.१ प्राकृतिक जलाशय मत्स्य व्यवस्थापन शाखा

- प्राकृतिक जलाशय (नदी, घोल, ताल एवं सिम, रिजर्भ्वायिर) र त्यसमा रहेका माछा लगायत जलीय जीवहरुको सूचि (Inventory) तयार एवं अद्यावधिक गर्ने,
- प्राकृतिक जलाशयहरु (घोल, ताल एवं सिम, रिजर्भ्वायर तथा अन्तरप्रदेशीय नदी प्रणाली) मा संभाव्यता अध्ययन गरी उपयुक्त मत्स्य पालन एवं मत्स्य पर्यटन सम्बन्धी कार्यक्रम निर्धारण एवं कार्यान्वयन गर्ने,
- प्राकृतिक जलाशयहरुको लिम्नोलोजीकल, बायोलोजिकल तथा सामाजिक-आर्थिक अध्ययन सभे ि क्षण गर्ने,
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिक/आर्थिक पक्षको अध्ययन र उपयुक्त कार्यक्रम निर्धारण एवं कार्यान्वयन गर्ने,
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्न In-situ र Ex-situ संरक्षण सम्बन( धी कार्य गर्ने,
- प्राकृतिक जलाशयमा उपयुक्त हुने माछा तथा संभाव्य अन्य जलीय जीवका जात/प्रजातिहरुको विकास र प्रवर्द्धन गर्ने,
- प्राकृतिक जलाशयका लागि उपयुक्त स्थानीय जातका माछाहरुको प्रजनन् गर्ने,
- प्राकृतिक जलाशय सम्बन्धी ऐन नियमहरुको तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय जातका माछा हरुको क्ष्ल-कष्तग र भ्ह-कष्तग संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने,
- पोस्टर, पम्पलेट, होडिङ्ग बोर्ड तथा अन्य शैक्षिक सामाग्री आदि मार्फत प्राकृतिक जलाशय, जलीय जीवको महत्व र संरक्षण बारे सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- मत्स्य संग्रालय (Fisheries Museum) निर्माण एवं व्यवस्थापन गर्ने,

- ❑ प्राकृतिक जलाशय, जलीय जीव र सो मा आश्रित समुदाय सम्बन्धी कार्य गर्ने अन्य विभिन्न सरकारी तथा गैर सरकारी संस्था पहिचान गरी आवश्यक समन्वय गर्ने,
- ❑ केन्द्रले गर्दै आएको मत्स्य विज उत्पादन तथा विक्री वितरण सम्वन्धी कार्यलाई निरन्तरता दिने ।

### २.५.२ योजना, अनुगमन तथा प्राविधिक विस्तार शाखा

- ❑ केन्द्रको वार्षिक कार्यक्रम/बजेट तर्जुमा सम्बन्धी कार्य गर्ने
- ❑ केन्द्रको दीर्घकालीन गुरु योजना (Master Plan) तयार गर्ने,
- ❑ केन्द्रको अनुगमन सम्बन्धी कार्यहरुको वार्षिक कार्य तालिका बनाई कार्यान्वयनमा ल्याउन समन्वय गर्ने,
- ❑ भ्रमण प्रतिवेदनहरु सङ्कलन तथा अभिलेख ब्यवस्थित गरी सुझाव तयार गर्ने,
- ❑ मासिक/चौमासिक/अष्ठमासिक/वार्षिक प्रगति प्रतिवेदनहरु तयार गरी माथिल्लो निकायमा पठाउने,
- ❑ वार्षिक प्रगति पुस्तिका तयारी एवं प्रकाशन गर्ने,
- ❑ प्रविधि एवं सूचनामुलक सामाग्रीहरु तयारी तथा प्रकाशन एवं वितरण सम्वन्धी कार्य गर्ने,
- ❑ वेवसाईट अद्यावधिक तथा सञ्चालन गर्ने,
- ❑ पुस्तकालय व्यवस्थापान एवं सञ्चालन गर्ने,
- ❑ केन्द्र तथा प्रभाव क्षेत्रभित्रका तथ्याङ्क तथा प्राविधिक विवरण संकलन एवं अद्यावधिक गर्ने,
- ❑ निर्धारित ढाँचामा सेवाग्राहीहरुको अभिलेख तयार गर्ने,
- ❑ मत्स्य रोग, मत्स्य दाना र पानीको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशाला सेवा संचालन गर्ने,
- ❑ मत्स्य स्वास्थ्य आपतकालीन सेवा कार्यान्वयनमा समन्वय गर्ने,
- ❑ उप-उत्पादनका रुपमा खानेमाछा व्यवस्थापन एवं उत्पादन र विक्री वितरण सम्बन्धी कार्य गर्ने,
- ❑ मत्स्य उत्पादक, वितरक, उपभोक्ता, कृषक समूह एवं सहकारीबीच समन्वय सम्बन्धी कार्य गर्ने।

### २.५.३ प्रशासन फाँट

- ❑ कार्यालयको दैनिक प्रशासनिक कार्य संचालन गर्ने ।
- ❑ केन्द्रका कर्मचारीहरुको व्यक्तिगत विवरण अध्यावधिक गर्ने ।
- ❑ केन्द्रको भवन तथा जग्गाको लगत तयार गरी अध्यावधिक गर्ने ।
- ❑ आर्थिक प्रशासनसँग सम्वन्धित सम्पुर्ण कार्य गर्ने ।
- ❑ मासिक/चौमासिक/वार्षिक रुपमा खर्चको फाँटवारी तयार गरी रिपोर्टिङ्ग गर्ने ।
- ❑ नियमानुसार राजश्व संकलन तथा दाखिला गर्न सहयोग गर्ने ।
- ❑ टेन्डर/कोटेशन जस्ता कार्यहरु आवश्यक भएमा समयमै गर्ने ।
- ❑ जिन्सी निरीक्षण गराइ आवश्यकता अनुसार लिलाम प्रकृया संचालन गर्ने ।
- ❑ बार्षिक तथा अर्धबार्षिक का.स.मु भरी भराइ प्रकृया अनुसार पेश गर्ने ।
- ❑ सुसाशनसँग सम्वन्धित सम्पूर्ण कार्यहरुको आवश्यक व्यवस्था केन्द्रमा संचालन गर्न सहयोग पुऱ्याउने ।
- ❑ आवश्यकता अनुसार स्टाफ वैठक संचालन गर्ने ।
- ❑ जिन्सी व्यवस्थपान सम्वन्धी कार्य गर्ने ।
- ❑ सवारी साधनहरुको बीमा एवं नविकरण गर्ने ।
- ❑ प्राविधिक शाखाहरुको कार्य सम्पादनमा सहयोगीको भुमिका निभाउने ।

## २.६ भौतिक संरचना/उपकरण/पुर्वाधार/सवारी साधनहरुको विवरण :

| क्र. सं. | मौजुदा भौतिक पूर्वाधार | प्रा.ज.म.प्र.एवं सं.के. हेटौडा, मकवानपुर | भवनको अवस्था | | | कै. |
|---|---|---|---|---|---|---|
| | | | चालु | जिर्ण/मर्मत गर्नुपर्ने | लिलाम/बिक्री गर्नुपर्ने | |
| **१** | **स्थापना वर्ष** | **२०२४** | | | | |
| **२** | **जग्गा र त्यसको उपयोग** | | | | | |
| २.१ | कुल क्षेत्रफल (हे.) | ४७.०९० | | | | |
| २.२ | उपयोगमा नआएको क्षेत्रफल (हे.) | १९.२९० | | | | |
| २.३ | उपयोगमा आएको क्षेत्रफल (हे.) | २७.८०० | | | | |
| २.४ | अन्यभौतिक संरचना, पोखरीको डिल, बाटो, कुलो आदिले ओगटेका क्षेत्रफल (हे.) | १०.००० | | | | |
| २.५ | जलाशय क्षेत्रफल (हे.) | १७.८०० | | | | |
| २.६ | जग्गाको स्वामित्व | प्रा.ज.म.प्र.एवं सं.के. हेटौडा, मकवानपुर | | | | |
| २.७ | जग्गाधनी प्रमाण-पुर्जा भएको/नभएको | भएको | | | | |
| **३** | **भवन तथा आवास (संख्या)** | | | | | |
| ३.१ | कार्यालय भवन | २ | १ चालु | | १ लिलाम/बिक्रि गर्नुपर्ने | |
| ३.३ | कार्यालय प्रमुखको आवास भवन | १ | चालु | | | |
| ३.४ | अधिकृत आवास | २ | २ चालु | | | |
| ३.५ | पाहुना घर | २ | | | | |
| ३.७ | सहायक कर्मचारी आवास | ६ | १ चालु | ३ मर्मत गर्नुपर्ने | २ लिलाम गर्नुपर्ने | |
| ३.८ | प्रयोगशाला | कार्यालयभवनमा | १ कोठा | | | |
| ३.९ | ग्यारेज/मोटर घर | १ | | | | |
| ३.१० | दाना भण्डारण घर | १ | | | | |
| ३.११ | नेट सेड | १ | | | | |
| | पाले घर | ३ | २ चालु | | १ लिलाम गर्नुपर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टहरा घर | १ | | | लिलाम गर्नुपर्ने | |
| | पम्प घर | १ | | | लिलाम गर्नुपर्ने | |
| **४** | **अन्य........................** | | | | | |
| ४.१ | ह्याचरी कम्पेल्क्स | | | | | |
| ४.२ | ह्याचरी ट्रस माछाको लागी | २ | | | | |
| | ह्याचरी घर हाँसको लागी | १ | | | लिलाम गर्नुपर्ने | |
| ४.३ | स्पोनिङ्ग ट्यांक संख्या (साईजडायमिटर मि.) | ३ | | | | |
| ४.४ | ईन्कुवेशन ट्यांक संख्या (साईज डायमिटर मि.) | ९ | | | | |
| ४.६ | डिस्ट्रिवुशन/कन्डिसनिङ्ग ट्याङ्क संख्या (वर्गमिटर) | ३ | | | | |
| ४.७ | ओभरहेड टैंक संख्या (क्षमता लिटरमा) | २ | | | | |

| क्र. सं. | उपकरण तथा औजार | प्रा.ज.म.प्र.एवं सं.के. हेटौडा, मकवानपुर | अवस्था | | | कै. |
|---|---|---|---|---|---|---|
| | | | चालु | जिर्ण/मर्मत गर्नुपर्ने | लिलाम/बिक्री गर्नुपर्ने | |
| १ | जेनेरेटर | | १ चालु | | १ विग्रेको | |
| २ | पम्प पानी तान्ने | | ४ चालु | ५ मर्मत | २ लिलाम विक्री | |
| ३ | मोटर पानी तान्ने | | १ चालु | | | |
| ४ | दाना बनाउने मेसिन | | १ चालु | | | |
| ५ | पम्पसेट डिजेल | | १ चालु | | | |
| ६ | पावरटिलर | | १ चालु | | | |
| ७ | एरेटर मेसिन fountain | | ५ चालु | १ मर्मत | | |
| ८ | एरेटर मेसिन paddle | | २ चालु | | ६ लिलाम | |
| ९ | एरेटर मेसिन impellar 4 wheel | | | १ विग्रेको | | |
| १० | प्रोजेक्टर | | १ चालु | | | |
| **क्र.सं.** | **सवारी साधन** | | | | | |
| १ | पिकअप गाडी | ३ | २ चालु | | १ लिलाम | |
| २ | अटो | १ | १ चालु | | | |
| ३ | मोटरसाइकल | २ | १ चालु | १ मर्मत | | |
| ४ | स्कुटर | १ | १ चालु | | | |

## ३.कार्यक्रम तथा क्रियाकलापहरु

### ३.१ आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन

| | | | | | | | | | रु लाखमा |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | कैफियत |
| | | | | परिमाण | भार | बजेट | परिमाण | भारित प्रगति | |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| ११.६.१३.९६ | कार्यालय तथा प्रयोगशालाको लागि विभिन्न फर्निचरहरु | ३११२३ | पटक | १.०० | ०.२४ | १.०० | १.०० | ०.२४ | |
| ११.५.२२.८१७ | नर्सरी पोखरी १,२ र माउ पोखरी ४,६,७ मा RCC wall निर्माण | ३११७१ | मी. | २१०.०० | १५.३१ | ६४.०० | २१०.०० | १५.३१ | |
| ११.५.२२.८१९ | फार्मको अतिक्रमण रोक्न तथा सुरक्षाको लागि दयगलमब( चथ वाल निर्माण | ३११७१ | मी. | २८०.०० | २१.५३ | ९०.०० | २८०.०० | २१.५३ | |
| ११.५.२२.८२१ | ह्याचरीमा पानी ब्यबस्थापनको लागि पाईप लाईन तथा नाला सुद्रीढीकरण | ३११७१ | पटक | १.०० | २.१५ | ९.०० | १.०० | २.१५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क) पूँजीगत खर्च कार्यक्रमको जम्माः | | | | | ३९.२३ | १६४.०० | ४९२.०० | ३९.२३ | |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| २.३.६.१९ | ह्याचरी तथा पोखरीहरुमा पानी व्यवस्थापनको लागी बीग्रेका संरचनाहरुको नियमित मर्मत सहार | २२२३१ | पटक | ४.०० | ०.४८ | २.०० | ४ | ०.४८ | |
| २.३.८.२९ | बिधुतको संरचना मर्मत तथा सुधार | २२२३१ | पटक | ४.०० | ०.२४ | १.०० | ४. | ०.२४ | |
| २.३.९.३९८ | कार्यालय भवन परिसर सौन्दर्यकरण | २२२३१ | पटक | १.०० | ०.७२ | ३.०० | १. | ०.७२ | |
| २.३.१३.३३ | कार्यालयमा रहेका बगैंचा व्य(वस्थापना तथा सञ्चालन खर्च | २२२३१ | महिना | १२.०० | ०.०९ | ०.३६ | १२. | ०.०९ | |
| २.५.३.७०२ | प्राकृतिक जस्ल(ाशय संरक्षण तथा प्रवर्द्धन सम्बन्धी video documentary तयार गर्ने | २२४११ | पटक | १.०० | ०.४८ | २.०० | १. | ०.४८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.१.७४१ | मलाहलाई गमवुट तथा अन्य आवश्यक सामाग्री तथा उपकरण खरिद | २२५२१ | संख्या | ४.०० | ०.४८ | २.०० | ४. | ०.४८ | |
| २.७.१.७४४ | ज्यामी / मल( ाह तथा सुरक्षा गार्ड लगायतका कर्मचारीहरुलाई आकस्मिक प्र( ाथमिक उपचार खर्च | २२५२१ | पटक | ४.०० | ०.१३ | ०.५४ | ४. | ०.१३ | |
| २.७.१.८५८ | मत्स्य प्रजननका लागि हर्मोन, का( कबन लगायतका सामग्री खरिद | २२५२१ | पटक | १.०० | ०.४१ | १.७० | १. | ०.४१ | |
| २.७.१.८६१ | पोखरीको मंक थुन्नको लागी काठको सटर खरिद तथा जडान | २२५२१ | क्यू. फि. | २५.०० | ०.३६ | १.५० | २५. | ०.३६ | |
| २.७.२.४१८ | पोखरीमा भुरा माछा जोगाउन शत्रु जीव व्यवस्थ( ापन | २२५२१ | पटक | ३.०० | ०.२२ | ०.९० | ३. | ०.२२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.२.५५३ | फ्राई, फिंगरलिङ्ग तथा खाने माछा उत्पादन व्यवास्थ(ापानका लागि चुना, मल तथा रशायन लगायतका सामग्री खरिद | २२५२१ | पटक | ४.०० | ०.९६ | ४.०० | ४. | ०.९६ | |
| २.७.२.५५९ | मत्स्य बीज प्याकिङ्गको लागि प्लाष्टिक प्याक लगायतका साम(ाग्री खरीद | २२५२१ | पटक | १.०० | ०.४३ | १.८० | १. | ०.४३ | |
| २.७.२.५९९ | फ्राई उत्पादनका लागि आहारा (फ्र(ाई संख्या हजार मा) | २२५२१ | संख्या | १०००.०० | ०.७५ | ३.१५ | १०००. | ०.७५ | |
| २.७.२.६०० | फिंगरलिङ्ग उत(पादनका लागि आहारा (फिंगर लिङ्ग संख्या हजार मा) | २२५२१ | संख्या | २००.०० | ०.३० | १.२६ | २००. | ०.३० | |
| २.७.२.६०२ | ह्याचलिङ्ग उत्पा(दनका लागि आह(ारा (ह्याचलिङ्ग संख्या हजारमा) | २२५२१ | संख्या | | ०.४३ | १.८० | २००००. | ०.४३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.२.६०३ | खाने माछा उत्पा( दनका लागि आह( रा (खाने माछाको तौल मे टन) | २२५२१ | मे .टन | ०.५० | ०.१९ | ०.८१ | ०.५ | ०.१९ | |
| २.७.२.६०५ | माउ माछा व्य( वस्थापनका लागि आहारा | २२५२१ | महिना | १२.०० | २.५८ | १०.८० | १२. | २.५८ | |
| २.७.२.६१४ | गर्दी माछा future brood ब्यबस्थ( ापन | २२५२१ | महिना | १२.०० | ०.१९ | ०.८१ | १२. | ०.१९ | |
| २.७.२.६१५ | सहर माउ माछा ब्यबस्थापन | २२५२१ | महिना | १२.०० | ०.२७ | १.१३ | १२. | ०.२७ | |
| २.७.३.३५५ | फार्म पोखरी वरिपरी सरसफाई तथा झारपात व्यवस्थापन | २२५२१ | पटक | ४.०० | ०.४३ | १.८० | ४. | ०.४३ | |
| २.७.५.५८ | विश्व मत्स्य दिवस (नोभेम्वर-२१) | २२५२२ | पटक | १.०० | ०.२४ | ०.९९ | १. | ०.२४ | |
| २.७.५.७४६ | जलचर संरक्षण सम्बन्धी होर्डिङ्ग बोर्ड जडान | २२५२२ | संख्या | २.०० | ०.१६ | ०.६७ | २. | ०.१६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.५.७४७ | प्राकृतिक जलाशय संरक्षण सम्बन्धी लिफलेट बुकलेट प्रकाशन | २२५२२ | पटक | १.०० | ०.१२ | ०.५० | १. | ०.१२ | |
| २.७.१७.२ | सन्चालन सामाग्री (रसायन, रियजेन्ट, प्रोव, ससाना औ जार आदी) सहित प्रयोगशाला व्य( वस्थापन एवं से वाग्राहीबाट प्राप्त माछाको ल्याव डाईग्नोसिस तथा पानीको गुणस्तर जांच(मत्स्य सम्बी( न्ध कार्यक्रम) | २२५२२ | पटक | ४.०० | ०.२४ | १.०० | ४. | ०.२४ | |
| २.७.१७.१३२ | स्थानीय जातका माछा संकलन, संरक्षण तथा व्य( वस्थापन कार्यक्रम | २२५२२ | पटक | ३.०० | ०.७२ | ३.०० | ३. | ०.७२ | |
| २.७.१७.१३३ | नदी तथा ता( लमा फिस क्याच एसेसमेन्ट, से म्पल प्रिजर्वेशन तथा वायोनिम्नो लोजिकल अध्ययन एवं प्रतिवेदन | २२५२२ | पटक | ४.०० | ०.९६ | ४.०० | ४. | ०.९६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.१७.१६४ | जलिय जीव मारी जीविकोपार्जन गर्ने जनसमुदाय( माझी, बोटे, जलारी,मलाहा आदि)तथा विभिन्न सरोकारवाला संग प्राकृतिक जल(ाशय संरक्षण तथा प्रबर्द्धन सम्बन्धि स्थलगत अन्तर क्रिया कार्यक्रम | २२५२२ | पटक | २.०० | ०.४८ | २.०० | २. | ०.४८ | |
| २.७.१७.१८० | नेपालमा पाहिने जलीय बनस्पति पहिचान तथा उचयाषभि तयार पर्ने | २२५२२ | पटक | १.०० | ०.४८ | २.०० | १. | ०.४८ | |
| २.७.१७.१८१ | प्राकृतिक जल(ाशयमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवन उकास्नको लागि सचेतनामुलक कार्यक्रम | २२५२२ | पटक | ३.०० | ०.७२ | ३.०० | ३. | ०.७२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.४९ | वार्षिक पुस्तिका प्रकाशन | २२५२२ | पटक | १.०० | ०.१२ | ०.५० | १. | ०.१२ | |
| | कार्यक्रम खर्च जम्मा | | | | १४.३८ | ६०.०२ | | १४.३८ | |
| | प्रशासनिक खर्च जम्मा | | | | ४६.३९ | १९३.९८ | | ४६.३९ | |
| चालु खर्च कार्यक्रमको जम्मा: | | ६०.७७ | २५४.०० | | ६०.७७ | | | | |
| कुल जम्मा खर्च | | १००.०० | ४१८.०० | | १००.०० | | | | |
| | | | | | | | | | |
| विवरण | चौथो त्रैमासिक | | | अर्धबार्षिक | | | बार्षिक | | |
| | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा |
| भारित प्रगति प्रतिशत | १०० | ० | १०० | ९६.९४७१ | १०० | ९८.५८३ | १०० | १०० | १०० |
| वितिय प्रगति प्रतिशत | | | | | | | | | ७१.१५ |
| | | | | | | | | | |

### ३.१.१ आ.व.२०८१।०८२ को स्वीकृत कार्यक्रम वमोजिम संक्षिप्त प्रगति प्रतिवेदन

### ३.१.१.१ पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु

### ११.५.२२.८१७ नर्सरी पोखरी १,२ र माउ पोखरी ४,६,७ मा RCC wall निर्माण

टेण्डर अन्तर्गत माउ पोखरी ६ र ७ र नर्सरी ११, १० र १ मा जम्मा २१० मिटर RCC वाल निर्माण भएको र मुख्य गरेर कमन कार्प जातको पोथी तथा भाले माछा छुट्याउन तथा व्यबस्थापनमा सजिलो भएको डिल भत्किने कार्य रोकिएको

- माउ पोखरी ६ र ७ को कम्जोर डिल ७१ मी पक्कि भएको र नर्सरी ११, १० र २ को कम्जोर डिल पक्कि भएको
- कमन कार्प माउ तथा भुरा व्यबस्थापन सहज भएको

### ११.५.२२.८१९ फार्मको अतिक्रमण रोक्न तथा सुरक्षाको लागि boundary वाल निर्माण

फार्मको पश्चिम कुना ढकाल टोल २ न. खानेमाछा पोखरी पट्टि २८० मिटरको पक्कि वाल बनेकोले चोरीसिकारी रोकिएको र भविष्यमा डिल भत्किएर बस्ति डुबान हुनबाट रोकिने,

- फर्मको उत्तर- पश्चिम कुना (ढकाल टोलको २८० मी boundry निर्माण भएको,
- फर्मको जग्गा अतिक्रमण रोकिने तथा चोरी सिकारी कम हुने ।

### ११.५.२२.८२१ ह्याचरीमा पानी व्यबस्थापनको लागि पाईप लाईन तथा नाला सुद्रीढीकरण

- ट्रेखोला मुहानमा ३ मिटर concrete वाल निर्माण भएको
- रिजर्भोयर १ को प्लभित मा RCC canal निर्माण भएको र पनि collection बढेको

### ३.१.१.२ चालु खर्च अन्तरगतका कार्यक्रमहरु

### २.७.१.२०० ह्याच्लिङ्ग उत्पादन तथा वितरण

यस आ.व. मा ह्याच्लिङ्ग उत्पादन तथा वितरण लक्ष्य २ करोड रहेकोमा लक्ष्य बमोजिम भन्दा बढि २ करोड ४१.५ लाख उत्पादन गरी विभिन्न क्षेत्रका कृषकहरुलाई गुणस्तरीय ह्याच्लिङ्ग उपलब्ध गराइएको ।

- गुणस्तरीय खाने माछाको भुरा बिक्रि वितरण
- ४८३ जना कृषक लाभान्वित

### २.७.१.१८२ फ्राई उत्पादन तथा वितरण

यस आ.व मा फ्राई उत्पादन तथा वितरण लक्ष्य परिमाण १० लाख रहेकोमा लक्ष्य बमो जिम भन्दा बढि १३ लाख ३५ हजार ४ सय ६८ गोटा उत्पादन गरी विभिन्न क्षेत्रका कृषकहरुलाई गुणस्तरीय फ्राई उपलब्ध गराइएको ।

- गुणस्तरीय खाने माछाको भुरा बिक्रिवितरण
- ३०५ जना कृषक लाभान्वित

### २.७.१.१८३ फिङ्गरलिङ्ग उत्पादन तथा वितरण

यस आ.व मा फिङ्गरलिङ्ग उत्पादन तथा वितरण लक्ष्य परिमाण २ लाख रहेकोमा लक्ष्य बमो जिम भन्दा बढि २ लाख ५८ हजार २ सय ५० गोटा उत्पादन गरी विभिन्न क्षेत्रका कृषकहरुलाई गुणस्तरीय फ्रिङ्गरलिङ्ग उपलब्ध गराइएको ।

- गुणस्तरीय खाने माछाको भुरा बिक्रिवितरण
- १२५ जना कृषक लाभान्वित

### २.७.१.१८५ खाने माछा उत्पादन तथा वितरण

यस आ.व मा खाने माछा उत्पादन तथा वितरण लक्ष्य परिमाण ५०० के.जी रहेकोमा लक्ष्य

बमोजिम ५६३.४ के.जी. उत्पादन गरी विभिन्न क्षेत्रका कृषकहरुलाई गुणस्तरीय तथा ताजा माछा उपलब्ध गराइएको ।

**२.७.१.७३७ गर्दी माछाको future brood खरिद तथा व्यवस्थापन**

यस आ.व.मा गर्दी माछा- future brood खरिद तथा व्यवस्थापन रहेकोमा यस कार्यक्रमका लागि विनियोजित बजेट अनुसार सानो पोखरी निर्माण गरेर गर्दी माछा तथा आवश्यक उत्पादन सामाग्री खरिद गरी व्यवस्थापन गरिएको छ ।

**२.७.१.७४४ ज्यामी/मलाह तथा सुरक्षा गार्ड लगायतका कर्मचारीहरुलाई आकस्मिक प्राथमिक उपचार खर्च**

यस आ.व.मा ज्यामी/मलाह तथा सुरक्षा गार्ड लगायतका कर्मचारीहरुलाई आकस्मिक प्र(ाथमिक उपचार खर्च रहेकोमा यस कार्यालयमा कार्यरत सुरक्षा गार्डको आकस्मिक उपचारार्थ केही बजेट उपचारमा खर्च भएको ।

**२.७.२.४१८ पोखरीमा भुरा माछा जोगाउन शत्रु जीव व्यवस्थापन**

यस आ.व.मा पोखरीमा भुरा माछा जोगाउन शत्रु जीव व्यवस्थापन रहेकोमा यस कार्यलयका नर्सरी तथा माउ पोखरीमा विभिन्न रसायन तथा औषधिको व्यवस्थापन गरिएको ।

**२.७.३.३५५ फार्म पोखरी वरिपरी सरसफाई तथा झारपात व्यवस्थापन**

यस आ.व.मा फार्म पोखरी वरिपरी सरसफाई तथा झारपात व्यवस्थापन रहेकोमा यस कार्यक्रमका लागि विनियोजित बजेट अनुसार पोखरीमा र वरिपरि झारपात व्यवस्थापन गरिएको।

**२.७.५.७४६ जलचर संरक्षण सम्बन्धी होर्डिङ्ग बोर्ड जडान**

यस आ.व. मा जलचर संरक्षण सम्बन्धि होर्डिङ्ग बोर्ड जडान रहेकोमा यसै केन्द्रको परिसर मा जडान गरि कार्य सम्पन्न गरिएको ।

**२.७.५.७४७ प्राकृतिक जलाशय संरक्षण सम्बन्धी लिफलेट बुकलेट प्रकाशन**

यस आ.व मा प्राकृतिक जलाशय संरक्षण सम्बन्धी लिफलेट बुकलेट प्रकाशन रहेकोमा लक्ष्य बमो जिम प्रकाशन गरिएको ।

**२.७.१७.१३३ नदी तथा तालमा फिस क्याच एसेसमेन्ट, सेम्पल प्रिजर्वेशन तथा वायोनिम्नोलोजिकल अध्ययन एवं प्रतिवेदन (तमोर नदीको बायोलिम्नोलोजीकल अध्ययन)**

➢ पृष्ठभुमि

नदी एक प्राकृतिक बगिरहेको पानी प्रवाह हो, प्रायः ताजा पानी, सागर, ताल, समुद्र वा अन्य कुनै नदीतर्फ बग्दछ । केहि दुर्लभ अवस्थाहरूमा नदी जमिनमा बग्दछ र पानीको अर्को शरीरमा नपुग्दै आफ्नो मार्गको अन्तमा पूरै सुख्खा हुन सक्दछ। साना नदीहरूलाई अन्य धेरै नामहरू द्वारा बो लाउन सकिन्छ जस्तै stream, creek, brook, rivulet र rill यिनीहरू hydrological चक्रको हिस्सा हुन् । पानी सामान्यतया नदीमा पानीको सतह बग्ने नदी र अन्य स्रोतहरू जस्तै ground-water recharge, spring, र प्राकृतिक बरफ र हिमप्याकहरूमा भण्डारित पानीको छोड्ने स्रो तबाट पानी निकाल्छ ।

तमोर नदि कन्चंजङ्गा वरीपरीबाट उत्पति भई सप्तकोशी नदीको त्रिबेणीसंगममा आई मिल्छ र सप्तकोशी नदीको कुल पानीको वहावमा तमिर नदीको १९% योगदान रहेको छ । यस नदि जलीय जैविक विविधताले भरिपूर्ण रहेको छ ।

नेपालको जलक्षेत्रको रुपमा रहेका नदी, घोल, ताल, धाप, सिँचित धानखेत, नहर, पोखरी, रिजर्भ्वायर आदिले देशको करिब ५.३ प्रतिशत भाग ओगटेको छ । करिब ४ लाख घर परिवार प्राकृतिक जल(

ाशयहरुबाट माछा समाती जीविकोपार्जन गरिरहेका छन् भने यस्ता जलाशयबाट करिब २१ हजार मेट्रिक टन माछा उत्पादन भई देशको अर्थतन्त्रमा झण्डै १३ अर्व बराबरको योगदान पुगिरहेको छ। यसै सिलसिलामा हामी प्राबिधिक टोली तमोर नदीमा पहिने माछाको विविधता तथा पानीको गुणस्तर जाँच तथा अध्ययन गर्न गएका थियौ। उक्त कार्यक्रमको बिस्तृत विवरण तल प्रस्तुत गरि एको छ ।

**अध्ययन स्थल, क्षेत्र र तरिकाः**

तमोर नदीको  अध्ययनको लागि बिशेष गरि ४ वोटा अध्ययन स्थल छानिएको छ। उक्त स्थानहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

**अध्ययन स्थलः** site I: बराह क्षेत्र (त्रिवेणी संगम)
Site II: मुलघाट (धनकुटा)
Site III: मझुवा घाट
Site IV: माझीटार

- तमोर नदीकोको प्रारम्भिक स्थलगत भ्रमण तथा अध्ययनको लागी कम्तिमा ४ वोटा site selection गरिएको छ जसमा Site I बराह क्षेत्र (त्रिवेणी संगम), Site II मुलघाट (धनकुटा), Site III (मझुवा घाट), Site IV: माझीटार वरिपरी रहेको छ ।
- तमोर नदीकोको मत्स्य, जलीय जीव तथा बनस्पतिको अध्ययन तथा पहिचान गर्ने। यस कार्यको लागी स्थानीय मलाहा तथा माझीसंग सहयोग लिई मत्स्य, जलीय जीव, तथा बनस्पतिको पहिचान गरियो ।
- तमोर नदीकोको माछा, बनस्पति, सुस्म बनस्पति तथा जीवको नमुना संकलन गरियो । यस कार्यमा तमोर नदीकोको छनौट गरिएको Site हरुमा पहिचान गरिएका माछा तथा बनस्पतिको नमुना संकलन गरियो जसमा संरक्षणको लागी १०% buffer Formalin को प्रयोग गरिएको छ ।
- तमोर नदीकोको पानीको जैविक भौतिक, रासायनिक गुणस्तर जांच गरिने छ जसमा पानीको pH, DO, Ammonia, Phytoplankton तथा zooplankton को संख्य निरन्तर रुपमा लिईएको छ ।

**पानीको गुणस्तर सम्बन्धि विवरणः**

तामाकोशी नदीमा गरिएको पानीको जाँचको विवरण तल प्रस्तुत गरिएको छ।

| Parameters | Site I बराहक्षेत्र | Site II मुलघाट | Site III मझुवा घाट | Site IV माझीटार |
|---|---|---|---|---|
| Time | ९:१५ | १:४५ | ९:२५ | १:३० |
| Water Temperature | २५.३ | २८.४ | २२.३ | २६.८ |
| Dissolve Oxygen (mg/l) | ७.१ | ९.२ | ८.१ | ९.१ |
| Water pH | ७.२ | ७.९ | ७.३ | ८.१ |
| Atmospheric Temperature | २९.४ | ३४.१ | २५.३ | ३२.४ |

## फिस क्याचको विवरण

माछा समात्न ४ वटा क्षेत्र तोकिएको थियो र उक्त क्षेत्रमा दिनको समयमा माछा मार्ने मलाह र यस केन्द्रका प्राविधिकहरु बसी ायचकबष्लि १०% मिश्रणमा माछा संकलन गरि कुल बक्समा राखियो। माछा मार्न तियारी जालको प्रयोग गरिएको थियो । विभिन्न पटकको अध्यनमा संकलन गरि एका माछाहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

| S. N. | Site II मुलघाट | | | Site IV माझीटार | | |
|---|---|---|---|---|---|---|
| | Species | No. | Total weight (kg) | Species | No. | Total weight (kg) |
| १. | कत्ले | ३ | .७ | काब्रे | ५ | .२ |
| २. | थेड | २ | .२ | बुदुना | १ | .१ |
| ३. | गार्दी | २ | .२५ | काँटी | २ | .१ |
| | | | | फकेटा | ३ | .०१ |
| | | | | चुचे असला | ५ | .४ |
| | | | | चेल्वा | ६ | .१ |
| | | | | सिद्री | १० | .०२ |
| | त्यतर्बा | ७ | १.१५ | Total | ३२ | .९३ |

यस अध्यायनको क्रममा मुलघाट र माझीटार बजार वरिपरी माझीहरुसंग तियारी जाल (gill net) तथा अबकत नेट प्रयोग गरि माछा मर्दा विभिन्न किसिमको १० जातका माछा भेटिएको थियो। उक्त माछाहरु बगीरहेको क्षेत्रमा मारिएको हुनाले तथा हाते जालको प्रयोग गरि मारिएको हुनाले थोरै जातका माछा मात्र परेको र ठुला जातको लागी नदीको मुख्य वाहब क्षेत्र, धाप क्षेत्रमा मर्नुपर्ने माझीहरुले बताएका छन् । यी मध्ये कत्ले तथा ठेड जात नर्षी नेटमा फसेका थिए ।

## माझीसंगको छलफल

माझीको नाम : प्रेम माझी
उमेर :३१ वर्ष
ठेगाना : धनकुटा-९, छिन्चुवा

छलफलको टिपोट (दोश्रो पटकको)

- पहिलेको भन्दा आजकल कम माछा पर्ने गरेको ।
- सानोछदा ४ देखि १० के.जी. सम्मको माछा दैनिक पर्ने गरेकोमा हाल फाटफुट्ट मात्र पर्ने गरेको ।
- यो सिजनमा एउटा माझीले समय अनुकुल भएको अवस्थामा ४-५ के.जी. सम्म माछा समात्ने गरेको।
- पानीको वाहब धेरै भएको र नदीको गहिराइ दैनिक परिवर्तन हुने भएको कारण माछा मर्न हाते जल, थकौली, छुट्टा, आदिको प्रयोग हुने भएको र समय समयमा बल्छी तथा कुर थप्ने गर्ने गरेको ।
- हाल दैनिक जसो धेरै साना जातका माछा मात्र पर्ने गरेको र फाट्टफुट्ट आरु जातको माछा पर्ने गरेको ।
- खोलामा माछा कम हुदै गएको हुनाले ज्याला मजदुरीमा हिड्ने गरेको र महिनामा ४-५ दिन मात्र माछा मर्ने गरेको ।
- धेरै जसो माझीहरु कामको सिलसिलामा धरान र काठमाडौं गएको ।

**बजारमा विक्रिमा राखिएको स्थानिय जातको विवरण**

| क्र.स. | माछाको जात | बजार मूल्य रु/के.जी. |
|---|---|---|
| १. | असला माछा | १२००-१६०० |
| २. | कत्ले माछा | १००० |
| ३. | सहर माछा | १००० |
| ४. | अन्य साना माछा | ८०० |

**निस्कर्ष तथा सुझावहरुः**

- माछाको जात र उत्पादन घटेको व्यहोरा प्रस्ट रहेकोले यस क्षेत्र र यसको सहायक नदीहरुमा ranching कार्यक्रमहरु संचालन गर्न आवस्यक रहेको छ ।
- जलचर एन सम्बन्धि जनचेतना कम रहेकोले जनाचेतानामुलक कार्यक्रमहरु जस्तै नदीको छे उछाउ होडिङ् वोर्डहरु विभिन्न ठाउँमा राख्नु पर्ने ।
- जलिय जैविक विविधताको महत्व सम्वन्धि जनचेतना जगाउने खालका कार्यक्रमहरु संचालन गर्नु पर्ने ।
- पानिको गुणस्तरको महत्व तथा फोहोर व्यवस्थापन सम्वन्धि स्थानीयलाई जनचेतना जगाउने कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।
- माछामारी जिविकोपार्जन गर्ने समुदायका मानिसहरुलाई तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**२.७.१७.१३२ स्थानीय जातका माछा संकलन, संरक्षण तथा व्यवस्थापन कार्यक्रम**

**पृष्ठभुमि**

अहिलेको आवस्थामा जैविक विवेदताको छुट्टै महत्व रहेको छ। यसै सन्दर्भमा मत्स्य जैविक विवेदताको पहिचान गर्न तथा मत्स्य क्षेत्रको अवस्था थाहा पाउने हेतुले सप्तरी, सुनसरी, जनकपुर, चितवन, बारा, पर्सा, रौतहट गरि विभिन्न जिल्लाहरुमा रहेका विभिन्न नदी प्रणाली जस्तै कोशी, नारायणी, तामाकोशी, बागमती, झाज, आरुवा खोला, कमला आदि नदीमा पाहिने स्थानीय माछा संकलन गर्न यस केन्द्रको मत्स्य प्राविधिकको टोलि गएका थियौ ।

स्थानीय मत्स्य नमुना संकलन विवरण

| क्र.स. | माछाको जात | संकलन गरेको स्थान | संकलन गरेको मिति |
|---|---|---|---|
| १. | कुड़ी | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०४ |
| २. | खसला | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०४ |
| ३. | पदना | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०४ |
| ४. | गरगंज | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०५ |
| ५. | सवना | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०५ |
| ६. | पौसी | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०५ |
| ७. | भवी | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०५ |
| ८. | धारे बाम | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०६ |
| ९. | रिठा | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८१/१२/०६ |

| | | | |
|---|---|---|---|
| १०. | काँटी | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८२/०२/१६ |
| ११. | धारे बाम | कोशी ब्यारेक भन्दा तल्लो नदीको भाग | २०८२/०२/१६ |
| १२. | फकेटा | सप्तकोशी | २०८२/०२/१६ |
| १३. | मरोड़ | त्रियुगा नदि | २०८२/०२/१७ |
| १४. | पोठिया | महुली नदि र कोशीको संगम | २०८२/०२/१७ |
| १५. | डेढुवा | महुली नदि र कोशीको संगम | २०८२/०२/१७ |
| १६. | सिंघे माछा | कमला नदि | २०८२/०२/२० |
| १७. | गरही माछा | कमला नदि | २०८२/०२/२० |
| १८. | बुदुना | कमला नदि | २०८२/०२/२० |
| १९. | सौरा | नारायणी नदीको पश्चिम भाग | २०८२/०३/१४ |
| २०. | गर्दी | नारायणी नदीको पश्चिम भाग | २०८२/०३/१४ |
| २१. | पोठिया | नारायणी नदीको पुर्व भाग | २०८२/०३/१४ |
| २२. | अन्धा बाम | नारायणी नदीको पुर्व भाग | २०८२/०३/१४ |
| २३. | सिंघे | नारायणी नदीको पुर्व भाग | २०८२/०३/१४ |

**स्थानीय मत्स्य नमुना संकलन गर्दा भेटिएको समस्या र भावी योजना**

स्थानीय माछा नमुना संकलन गर्ने क्रममा विभिन्न समस्या देखा परेका थिए। उक्त समस्याहरु बुदागत रुपमा तल प्रस्तुत गरिएको छ।

➢ स्थानीय माछा संकलन गर्ने समय उपयुक्त नभएको (Dry Season For catch fisheries) तथा स्थानीय माछा संकलन गर्न चैत्र देखि जेष्ठ तथा अशोज कार्तिक उपयुक्त रहेको।

➢ जाल हान्ने तथा स्थानीय माछा मर्ने व्यक्तिको अभाव भएको (बैकल्पिक पेशा जस्तै ओटो चल( ाउने, वैदशिक रोजगारीमा जाने आदि)।

**भावी योजना**

➢ स्थानीय माछा संकलन गर्ने समय आगवई स्थानीय माछा मर्ने समुदाय जस्तै बोटे, जलारी आदीसंग सम्पर्क गरी माछा मर्ने व्यक्तिको समय लिएर जानुपर्ने देखियो ।

